पाठ ६

# तपाईंलाई टेबिलको आवश्यकता छैन

हामीले येशूलाई हाम्रा मुक्तिदाताका रूपमा विश्वास गर्दा, हामीले ठूलो आनन्द प्राप्त गर्छौं। तपाईंको जीवनमा यो कहिले भयो के तपाईं सम्झन सक्नुहुन्छ? तपाईं त्यत्ति नै बेला यो अनुभव कसैसँग बाँड्न चाहनुहुन्थ्यो। तपाईं त्यही आनन्द र अरूहरूसँग बाँड्ने त्यही तत्परता *अझै* पाउन सक्नुहुन्छ।

प्रत्येक व्यक्तिलाई शिक्षणको आवश्यकता पर्छ र यो किन आवश्यक पर्छ भन्ने बारेमा हामीले कुराकानी गरिसकेका छौं। तपाईं जो हुनुभए तापनि तपाईंले कसैलाई सिकाउन सक्नुहुन्छ भन्ने बारेमा पनि हामीले हेरिसकेका छौं।

तपाईंको आफ्नै घरमा तपाईंले सिकाउन सक्ने दुइ किसिमका मानिसहरूका बारेमा यस पाठमा हामी अध्ययन गर्नेछौं। यस शिक्षणले तपाईंले पहिले कहिल्यै थाहा नपाउनुभएको ठूलो आनन्द तपाईंलाई दिनेछ। यस पाठको अध्ययनपछि शिक्षणका



यी विभिन्न तरीकाहरूलाई तपाईंले कोशिश गर्नुहुनेछ भन्ने कुरामा म आशावादी छु।

**यस पाठमा तपाईंले यी विषयहरूको अध्ययन गर्नुहुनेछ. . .**

शिक्षकहरूका रूपमा आमा-बाबुहरू
- बाइबल आमा-बाबुहरू
- आमा-बाबुहरूका जीवन
- आमा-बाबुहरूका वचनहरू

सिकारुहरूका रूपमा मित्रहरू

**यस पाठले तपाईंलाई यी विषयहरूमा सहायता पुऱ्याउनेछ. . .**

- घरमा भएको आमा-बाबुको शिक्षण सेवालाई वर्णन गर्न।
- घरेलु बाइबल अध्ययनमा मित्रहरूलाई कसरी सिकाउन सकिन्छ सो व्याख्या गर्न।
- परमेश्वरको सत्यतालाई सिकाउने स्थानको रूपमा तपाईंको घरलाई तपाईंले कसरी प्रयोग गर्न सक्नुहुन्छ सो बुझ्न।

## शिक्षकहरूका रूपमा आमा-बाबुहरू

उद्देश्य १: *आमा-बाबुहरूले आफ्ना छोराछोरीहरूलाई कसरी सिकाए बाइबलीय उदाहरणहरू दिनुहोस्।*

### बाइबल आमा-बाबुहरू

आफ्ना आमा-बाबुबाट छोराछोरीहरूको शिक्षण परमेश्वरका जनहरूका निम्ति भएको उहाँको योजनामा सधैँभरि नै महत्त्वपूर्ण मानिएको छ। परमेश्वरका आज्ञाहरू पालन गर्नू भनी मोशाले मानिसहरूलाई भन्दा उनले तिनीहरूलाई यो पनि भनेका थिए कि तिनीहरूले यी आज्ञाहरू तिनीहरूका छोराछोरीहरू र नाति-नातिनाहरूलाई पनि सिकाउनुपर्नेछ। उनले भनेः

> तर होशियार बस! अनि आफ्नो मनलाई सचेत राख, नत्रता आँखाले देखेका कुराहरू तिमीहरूले बिर्सौला, र ती तिमीहरूको सारा जीवनभरि तिमीहरूका मनदेखि नहट्न्। यसैकारण ती तिमीहरूका छोराहरू र नाति-पनातिहरूलाई सिकाओ। जुन दिन तिमीहरू परमप्रभु आफ्ना परमेश्वरको सामुन्ने होरेबमा उभिएका थियौ, त्यस दिन परमप्रभुले मलाई भन्नुभयो, "मानिसहरूलाई मेरो नजीक भेला गर। म तिनीहरूलाई मेरो वचन सुनाउनेछु, र तिनीहरू यस पृथ्वीमा जति दिन जीवित रहनेछन्, तिनीहरूले मेरो डर मानून्, र तिनीहरूले यही कुरो आफ्ना छोराछोरीहरूलाई सिकाऊन्" (व्यवस्था ४:९-१०)।

परमेश्वरले कसरी तिनीहरूलाई सीनै पर्वतमा भेट्नुभयो भन्ने बारेमा तिनीहरूले आफ्ना छोराछोरीहरू र नाति-नातिनाहरूलाई बताउनुपर्छ भनी मोशाले तिनीहरूलाई आदेश दिएका थिए। तिनीहरूका विगतमा तिनीहरूलाई भएको महत्त्वपूर्ण

घटना यो थियो। तर अहिले परमेश्वरको आज्ञा पालन गर्नका लागि याद गर्न तिनीहरूलाई सहयोग पुऱ्याउनका निम्ति पनि यो कथा भनिएको थियो।

आमा-बाबुहरूले आफ्ना छोराछोरीहरूलाई यस बारेमा बताउँदा परमेश्वर सत्य हुनुहुन्छ भनी छोराछोरीहरूले पनि सिक्न शुरू गरे। उहाँले तिनीहरूसँग भेट गर्नुभयो।

इस्राएलीहरूले आफ्ना छोराछोरीहरूलाई कहिले र कसरी सिकाउनुपर्छ भन्ने सम्बन्धमा पनि मोशाले केही बताएका छन्।

> मैले तिमीहरूलाई सुनाएको आज्ञा आफ्नो मनमा राख। ती तिमीहरूले आफ्ना छोराछोरीहरूलाई होशियारीसाथ सिकाओ। अनि घरमा बस्ता, बाटोमा हिँड्दा, ढल्केर बस्ता र उठ्दा तिनको चर्चा गर (व्यवस्था ६:६-७)।

आफ्ना छोराछोरीहरूलाई सिकाउनु इस्राएलका मानिसहरूका निम्ति अति नै महत्त्वपूर्ण कुरा थियो। परमेश्वरका आज्ञाहरूलाई पढी आफ्ना छोराछोरीहरूलाई दिनमा एक घण्टा सुनाउने चलन मात्र उनीहरूसँग थिएन। छोराछोरीहरूले परमेश्वरको व्यवस्था त सुन्नु पर्थ्यो, तर आमा-बाबुहरूले आ-आफ्ना कामहरू गर्दा पनि आफ्ना छोराछोरीहरूसँग परमेश्वरको भलाइको बारेमा कुराकानी गर्नुपर्थ्यो।

आमा-बाबुहरूले मात्र बोल्नुहुँदैनथ्यो। तिनीहरूले आफ्ना छोराछोरीहरूलाई प्रश्न गर्न दिनुपर्थ्यो र तिनीहरूका निम्ति भएको परमेश्वरको योजनालाई देखाउने किसिमका उत्तरहरू तिनीहरूले दिनुपर्थ्यो।

> पछि-पछि तिमीहरूका छोराछोरीहरूले परमप्रभु हाम्रा परमेश्वरले दिनुभएका यी साक्षी-वचन र विधि-विधानको अर्थ के हो? भनी सोध्नेछन् (व्यवस्था ६:२०)।



## तपाईंको अभ्यासको निम्ति

१ व्यवस्था ६:२१-२५ पढ्नुहोस्, त्यसपछि हो वा होइन, छ वा छैन भनी तलका प्रश्नहरूका उत्तर दिनुहोस्।

**क.** मिश्रका राजाबाट परमेश्वरले तिनीहरूलाई कसरी उद्धार गर्नुभयो भन्ने कुरा के आमा-बाबुले आफ्ना छोराछोरीहरूलाई बताउनुपर्ने थियो? .......................

**ख.** आफूलाई मन लागेको जस्तो काम केटा-केटीहरूले गर्न सक्छन् भनी आमा-बाबुहरूले तिनीहरूलाई भनिदिएको के परमेश्वरले चाहनुहुन्छ? ..................................

**ग.** आफ्ना मानिसहरू मिश्रमा कमारा भएर बस्दा के परमेश्वरलाई खुशी लागेको थियो? .......................

२ परमेश्वरले गर्नुभएका कामहरूको विवरण आफ्ना आमा-बाबुबाट सुन्दा छोराछोरीहरूलाई यसले के प्रभाव पार्छजस्तो तपाईंलाई लाग्छ? ......................................

..................................................................

**धेरै वर्षपछि दाऊदले लेखेका थिए**

> एक पुस्ताले अर्को पुस्तालाई तपाईंको कार्यको प्रशंसा गर्नेछ, तिनीहरूले तपाईंका शक्तिशाली कार्यहरूको घोषणा गर्नेछन् (भजन १४५:४)।

परमेश्वरका शक्तिशाली कामहरू जीवितै राखेको परमेश्वरले चाहनुहुन्छ। आफ्ना मानिसहरूले ती घटनाहरूलाई याद गरेको परमेश्वर चाहनुहुन्छ। तब कसको आज्ञा पालन गर्नुपर्ने हो सो हामीलाई थाहा हुन्छ। अनि यी कथाहरूबाट हामी यो पनि सिक्छौं कि उहाँका आज्ञा पालन गर्ने मानिसहरूलाई उहाँले आशिष् दिनुहुन्छ। 'यो गर्'' वा ''त्यो नगर्'' भनेर तपाईंका छोराछोरीहरूलाई भन्नु मात्र पर्याप्त हुँदैन। यो कसले र किन भनेको हो भन्ने कुरा पनि तिनीहरूले जान्नु आवश्यक छ। त्यसैले परमेश्वर र बाइबलमा भएका उहाँका मानिसहरूका बारेमा भएका यी कथाहरू पढेर हामी तिनीहरूलाई सुनाउँछौं।

**आमा-बाबुहरूको जीवन**

उद्देश्य २: *परमेश्वरको आज्ञा पालन गर्न छोराछोरीहरूलाई सिकाउने जीवन तरीकालाई परिचित गर्नुहोस्।*

आफ्ना आमा-बाबुहरूलाई हेरेर छोराछोरीहरूले सिक्छन्। आमा र बाबुले आफ्नो घर र परिवारको हेरचाहा गर्दा, आफूले परमेश्वरका आज्ञाहरू पालन गरेका कुरा तिनीहरूले आफ्ना कामबाट देखाउनुपर्छ। छोराछोरीहरूले यो देख्छन् र आफ्ना आमा-बाबुले प्राप्त गरेका आशिष्हरूलाई पनि तिनीहरूले देख्छन्। तब तिनीहरूले छिट्टै नै सिक्नेछन् कि परमेश्वरको आज्ञा पालन गर्नु आवश्यक छ र उहाँका आज्ञा पालन गर्नेहरूलाई उहाँले सामर्थ्य र आनन्द दिनुहुनेछ। छोराछोरीहरूले सिक्न सक्छन्

कि तिनीहरू समस्याहरूबाट भएर जाँदा परमेश्वरले तिनीहरूलाई सहायता गर्नुहुनेछ र उहाँको शक्तिले तिनीहरूलाई पतन हुनबाट जोगाउनेछ।

येशूले उदाहरण र वचनद्वारा आफ्ना चेलाहरूलाई सिकाउनुभयो। जब उहाँ र उहाँका चेलाहरू काना शहरको विवाहमा जानुभयो, येशूले त्यहाँ आश्चर्यकर्म गर्नुभयो। विवाहको भोजमा दाखमद्य सिद्धिएको थियो, र भाँड़ामा भएको पानीलाई येशूले दाखमद्यमा परिणत गर्नुभयो, र यसरी तिनीहरूले त्यस भोजलाई समापन गर्न सके। यूहन्नाले हामीलाई बताएका छन्ः

> उहाँका चिन्हहरूमध्ये यो पहिलो चिन्ह येशूले गालीलको कानामा गर्नुभयो। यसरी उहाँले आफ्नो महिमा प्रकट गर्नुभयो, अनि उहाँका चेलाहरूले उहाँमाथि विश्वास गरे (यूहन्ना २:११)।

येशूको कार्यले चेलाहरूलाई बताउँदै थियो कि उहाँले मानिसहरूको वास्ता गर्नुभयो र उहाँले तिनीहरूलाई सहयोग गर्नुहुनेछ। हामी हाम्रा छोराछोरीहरूलाई भन्छौं कि हामीले हाम्रो घरमा गरेको व्यवहारद्वारा नै हामी सच्चा ख्रीष्टियान हौं भन्ने कुरा देखिन्छ। हामीले हाम्रा कामहरूद्वारा तिनीहरूलाई सिकाएका हुन्छौं।

हाम्रो छिमेकीलाई हामीले प्रेम गरेको परमेश्वर चाहनुहुन्छ भनी हाम्रा छोराछोरीलाई हामीले सिकाउनका लागि, हामीले पनि यसो गर्छौं भन्ने कुरा तिनीहरूलाई देखाउनुपर्छ। हामीले हाम्रो छिमेकीको बारेमा केही खराबी बोल्नुहुँदैन वा हाम्रो घरमा आउनका लागि उनलाई कहिल्यै रोक्नुहुँदैन, नत्रभने हामीले हाम्रो छिमेकीलाई प्रेम गर्छौं भन्ने कुरा हाम्रा छोराछोरीहरूले कहिल्यै विश्वास गर्नेछैनन्। छोराछोरीहरूले परमेश्वरको आज्ञाप्रति प्रश्नहरू उठाउन शुरू गर्न सक्छन्।

हाम्रा कार्यहरू कति महत्त्वपूर्ण छन् भन्ने बारेमा कुराकानी गर्दा प्रेरित यूहन्नाले यसरी लेखेका छन्ः

> साना बालकहरू, वचन र बोलीले मात्र हामी प्रेम नगरौं, तर काम र सत्यताले प्रेम गरौं (१ यूहन्ना ३:१८)।

**तपाईंको अभ्यासको निम्ति**

तलका प्रश्नहरूको सबैभन्दा ठीक उत्तर छान्नुहोस्

**३** आमा-बाबुहरूले आफ्ना जीवनमा परमेश्वरको अगुवाइलाई पछ्याएको जब छोराछोरीहरूले देख्छन्, यसबाट उनीहरूले यही कुरा सिकेका हुन्छन् कि

**क**. परमेश्वरलाई पछ्याउँदा कसैलाई कुनै समस्या नै हुँदैन।
**ख**. आफ्ना छिमेकीहरूसँग तिनीहरूको समस्या हुन्छ।
**ग**. कठिनाइका समयमा पनि परमेश्वरले तिनीहरूलाई आनन्द र सामर्थ्य दिनुहुनेछ।

**४** हाम्रा कामहरूले हाम्रा छोराछोरीहरूलाई सिकाउँछन् कि हामी विश्वास गर्छौं।

**क**. हाम्रा छिमेकीहरूले हामीलाई घरीघरी भेट्नुपर्छ।
**ख**. परमेश्वरको आज्ञा पालन गर्नेहरूलाई आशिष् दिनुहुन्छ।
**ग**. हामीले भनेजस्तो होइन तर हामीले गरेजस्तो उनीहरूले गर्नुपर्छ।

**५** येशूले मानिसहरूको हेरचाहा गर्नुभयो भनी चेलाहरूले कसरी जाने?

**क**. उहाँले भन्नुभएका कुराहरूका कारण।
**ख**. उहाँले गर्नुभएका कामहरूका कारण।

**आमा-बाबुहरूका वचनहरू**

उद्देश्य ३: *आफ्ना छोराछोरीहरूसँग कुराकानी गरेर आमा-बाबुहरूले कसरी तिनीहरूलाई सिकाउन सक्छन्, वर्णन गर्नुहोस्।*

मोशाले इस्राएलमा भएका आमा-बाबुलाई भने कि तिनीहरूले परमेश्वरका आज्ञाहरूका बारेमा आफ्ना छोराछोरीहरूसँग कुराकानी गर्नुपर्छ। तपाईंले एकैसाथ खानुहुँदा वा घरको वरिपरि काम गर्नुहुँदा तपाईंको बालकले तपाईंलाई यस्तो प्रश्न सोध्न सक्छ, जसले परमेश्वरको प्रेम वा आज्ञाहरूका बारेमा तपाईं ऊसँग कुराकानी गर्न सक्नुहुन्छ।

मानिलिऔं, तपाईंको छोराले अर्को बालकसँग झगड़ा गऱ्यो। हामीसँग झगड़ा गर्न चाहनेहरूलाई परमेश्वरले झैं हामीले पनि प्रेम देखाउन सक्छौं भनी उसलाई सिकाउन यस अवसरलाई तपाईंले प्रयोग गर्न सक्नुहुन्छ। यस्ता किसिमका धेरै कुराहरू हाम्रा जीवनमा भइरहन्छन्। हाम्रा छोराछोरीहरूलाई परमेश्वरको मार्गका बारेमा सिकाउन हामी यी घडीहरूलाई प्रयोग गर्न सक्छौं।

हाम्रो घरमा बाइबल पढ्नु अति नै महत्त्वपूर्ण छ। छोराछोरीहरूले परमेश्वरको वचन जान्नु आवश्यक छ। हाम्रो जीवनलाई निर्माण गर्नका लागि हामीलाई सहायता पुऱ्याउन हामी परमेश्वरको वचनमा धेरै सत्यताहरू पाउँछौं। हामीले पढेका पदहरूका बारेमा कुराकानी गर्नका लागि समय दिइनुपर्छ। छोराछोरीहरूले प्रश्नहरू सोध्ने बेला पनि यही नै हो। बुद्धिमान् आमा-बाबुहरूले समय निकालेर उत्तरहरू पत्ता लगाइदिन्छन्।

आमा-बाबुहरूले छोराछोरीहरूलाई सिकाउनुपर्ने आवश्यकताको बारेमा हितोपदेशको पुस्तकमा सिकाइएको छ।

छोराछोरीहरूले परमेश्वरको आज्ञा पालन गर्न र प्रतिज्ञा गरिएका आशिष्हरू प्राप्त गर्नका लागि, आमा-बाबुहरूले तिनीहरूलाई सिकाउनैपर्छ। हितोपदेश १:८-९-मा हामी पढ्छौं।

> हे मेरो छोरो, आफ्नो बाबुको आदेश सुन् र आफ्नी आमाको शिक्षा नत्याग्। ती तेरो शिरमा शोभाको मुकुट, र तेरो गलामा सम्मानको हार हुनेछ।

नयाँ करारमा उल्लेखित तिमोथीजस्तै छोरा भएको हामीहरूमध्ये धैरै जनाले चाहन्छौं। पावलले तिमोथीलाई लेखेका कुराबाट हामीले थाहा पाएका छौं कि उनलाई उनकी आमा र हजुर-आमाले सिकाएका थिए। तिनीहरूले आफूले भनेका र गरेका कुराहरूबाट नै उनलाई सिकाएका थिए भन्ने कुरामा म विश्वस्त छु।

> मलाई तिम्रो निष्कपट विश्वासको सम्झना हुन्छ। त्यो विश्वास, जो पहिले तिम्री बज्यै लोइसमा थियो, र तिमी आमा युनिकीमा, अनि मलाई निश्चय छ, त्यो विश्वास तिमीमा पनि रहेको छ (२ तिमोथी १:५)

### तपाईंको अभ्यासको निम्ति

**६** प्रत्येक **ठीक** वाक्यको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

**क**. आमा-बाबुहरूले आफ्ना छोराछोरीहरूसँग घरीघरी परमेश्वरको बारेमा कुराकानी गर्नुपर्छ।
**ख**. छोराछोरीहरूले सोधेका प्रश्नहरूका उत्तर दिइनु आवश्यक छैन।

**ग.** तिमोथीले कुनै मित्रबाट परमेश्वरको बारेमा सिकेका थिए।

**घ.** हाम्रा छोराछोरीहरूलाई परमेश्वरको बारेमा बताउने कुरा हाम्रा कामहरूजस्तै महत्त्वपूर्ण छन्।

**७** आफ्नो बालकसँग कुरा गरेर तपाईंले सिकाउन सक्नुहुने विभिन्न कुराहरूको सूची बनाउनुहोस्।

.....................................................................

.....................................................................

---

## सिकारुहरूका रूपमा मित्रहरू

---

उद्देश्य ४: *तपाईंको घरमा मित्रहरूलाई शिक्षण गर्ने तरीकाको रूपरेखा बनाउनुहोस्।*

प्रेरितको पुस्तकमा कर्नेलियसको बारेमा एउटा घटना उल्लेख गरिएको छ, जसले सुसमाचारको सन्देश आफूलाई सुनाउनका निम्ति पत्रुसलाई लिन पठाएका थिए। पत्रुस गए र कर्नेलियसको घरमा धेरै मानिसहरू जम्मा भएका भेट्टाए।

> पर्सिपल्ट तिनीहरू कैसरिया पुगे, जहाँ कर्नेलियसले आफ्ना कुटुम्बहरू र घनिष्ठ मित्रहरूलाई बोलाएर जम्मा गरी तिनीहरूको बाटो हेरिरहेका थिए (प्रेरित १०:२४)।

बाइबलमा उल्लेख गरिएका शुरूका घरेलु बाइबल अध्ययनहरूमध्ये यो पनि एक हो कर्नेलियसले पत्रुसलाई शिक्षकका रूपमा निमन्त्रणा दिएका थिए। तब पत्रुसले भनेका कुरा सुन्नका लागि उनले आफ्नो परिवार र मित्रहरूलाई एकै

ठाउँमा भेला गरेका थिए। परमेश्वरले यी मानिसहरूलाई आफ्ना पवित्र आत्मा दिनुभयो र तिनीहरूले पानीमा पनि बप्तिस्मा लिए।

संसार वरिपरिका धेरै देशहरूमा ख्रीष्टियानहरूले घरेलु बाइबल अध्ययनमा आफ्ना मित्रहरू र छिमेकीहरूलाई निमन्त्रणा गर्ने गर्छन्। परमेश्वरको वचनले भनेका कुराहरू पत्ता लगाउनका लागि ख्रीष्टियानहरूले यी मानिसहरूलाई आफ्ना घरमा निमन्त्रणा गरेका हुन्छन्।

सम्भव भएसम्म, घरेलु बाइबल अध्ययन समूहमा आउने प्रत्येक व्यक्तिसँग पढ्नका लागि बाइबल हुनु अति उपयुक्त हुन्छ। पाठको सम्बन्धमा प्रश्नहरू उल्लेख गरिएको अध्ययन सहयोगी प्रयोग गर्नु असल हुन्छ। समूहमा भएका मानिसहरूले बाइबलमा हेरेर उत्तरहरू भेट्टाई प्रश्नहरूका जवाफ दिनुपर्छ। प्रत्येक व्यक्तिले उत्तर पत्ता लगाएको छ भन्ने कुरा समूहको अगुवालाई अवगत हुनुपर्छ।

कुनै पनि ख्रीष्टियानले यस किसिमको बाइबल अध्ययनलाई अगुवाइ गर्न सक्छ। यसरी तपाईंको घरमा आउने जुनसुकै व्यक्तिलाई पनि तपाईं सिकाउन सक्नुहुन्छ।

अहिले तपाईंले अध्ययन गर्नुभएको यस आई सी आई पाठ्यक्रमजस्तै इन्डोनेसियामा भएकी एक महिलाले पनि अध्ययन गरिन्। तब तिनी ख्रीष्टियान बनिन्। तिनले आफ्नो नयाँ विश्वास अरूहरूसँग पनि बाँड्न चाहिन्। यसरी अन्य बाइबल पाठहरू आफूसँग अध्ययन गर्नका लागि तिनले आफूले चिनेका स्त्रीहरूलाई आफ्नो घरमा डाकिन्। करीब २५ जना व्यक्तिहरू ख्रीष्टियान बने। घरेलु बाइबल अध्ययनहरू परमेश्वरका बारेमा तपाईंका छिमेकीहरूलाई सिकाउनका लागि एक उत्तम तरीका हो।

## तपाईंको अभ्यासको निम्ति

८ तल दिइएको प्रत्येक प्रश्नको निम्ति सबैभन्दा उत्तम उत्तर छान्नुहोस्।

**क.** पत्रुसले सिकाएका कुरा सुन्नका लागि किन कर्नेलियसले आफ्ना मित्रहरूलाई आफ्नो घरमा निमन्त्रणा दिए?
.................................................... सुन्न।
(सुसमाचार\महान् प्रचारकका कुरा)

**ख.** कसले आफ्नो घरमा बाइबल अध्ययन सञ्चालन गर्न सक्छ? ....................................................
(प्रचारकले मात्र\कुनै पनि ख्रीष्टियानले)

**ग.** घरेलु बाइबल अध्ययनमा केको बारेमा कुराकानी गरिनुपर्छ? ....................................................
(साथीहरू\बाइबल पाठ)

**घ.** तपाईंको निम्ति भएको परमेश्वरको योजनाको बारेमा भएका प्रश्नहरूका उत्तर भेट्टाउने सबैभन्दा उत्तम ठाउँ कुन हो? ....................................................
(बाइबलमा\छिमेकीबाट)

९ यदि तपाईं अहिले घरेलु बाइबल अध्ययन शुरू गर्न चाहनुहुन्छ भने, तपाईंले गर्नुपर्ने आधारभूत कुराहरू के-के हुन्?
....................................................
....................................................

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

९ मानिसहरूलाई निमन्त्रणा गर्नु; शिक्षकहरूलाई बोलाउनु वा तपाईं आफैले सिकाउनु; बाइबलहरू ल्याउनु; र कुनै किसिमको अध्ययन सहयोगी प्रयोग गर्नु।

१ **क** हो
**ख** होइन
**ग** होइन

८ **क** सुसमाचार
**ख** कुनै पनि ख्रीष्टियानले
**ग** बाइबल पाठ
**घ** बाइबलमा

२ परमेश्वर को हुनुहुन्छ र तिनीहरूले के गरेको उहाँ चाहनुहुन्छ भनी जान्न यसले तिनीहरूलाई सहयोग पुऱ्यायो।

७ तपाईंको उत्तर। मचाहिँ यी कुराहरू संलग्न गर्नेछु; परमेश्वरको प्रेम र उहाँले यसलाई कसरी देखाउनुभएको छ भन्ने बारेमा। परमेश्वरको वचनमा के छ र यसको अर्थ के हुन्छ भन्ने बारेमा? हाम्रो दैनिक जीवनमा परमेश्वरको वचनलाई कसरी प्रयोग गर्न सकिन्छ भन्ने बारेमा।

३ ग) कठिनाइका समयमा पनि परमेश्वरले तिनीहरूलाई आनन्द र सामर्थ्य दिनुहुन्छ।

६ **क** ठीक **ग** बेठीक
**ख** बेठीक **घ** ठीक

४ ख) परमेश्वरको आज्ञा पालन गर्नेहरूलाई उहाँले आशिष् दिनुहुन्छ।

५ ख) उहाँले गर्नुभएका कामहरूका कारण।